आज मिति २०७६ चैत्र १५ गते यस चुरे गाउँपालिकाका उपाध्यक्ष श्री दीपा देवी खाँडदको अध्यक्षतामा कोरोना संक्रमण नियन्त्रण तथा न्युनीकरण गर्ने तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी निम्न प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो।

उपस्थिति:

- गा.पा. उपाध्यक्ष श्री दीपा देवी खाडद
- प्रमुख प्रशासकिय अधिकृत श्री बसन्त बहादुर बोहरा
- प्रहरी निरिक्षक श्री माधव विश्वकर्मा (इ.प्र.का. फल्दुडे)
- सशस्त्र प्रहरी निरिक्षक श्री खेमराज जोशी
- स्वास्थ्य शाखा प्रमुख श्री जयराज ओझा
- सहजपुर स्वा. चौकी प्रमुख श्री यज्ञ बहादुर धामी
- ना.सु. श्री सर्वेश कुमार कठरिया
- युवा संजाल संयोजक श्री इन्द्रमणि भट्ट
- चेत बहादुर कुँवर इ.प्र.का. फल्दुडे
- मोहित चन्द सशस्त्र बेस सहजपुर
- योग राज उपाध्याय
- सुरज परियार (प्रिन्ट सहायक चुरे गा.पा.)
- योगेन्द्र बोहरा (एम्बुलेन्स चालक)
- पुष्कर अस्वाली मगर
- तेज बहादुर बोहरा
- वडा अध्यक्ष -५- श्री नर बहादुर तामाङ
- राजेन्द्र महरा
- हिक्मत सिंह ऐर वडा सदस्य वडा नं. ३

प्रस्तावहरु:

प्र.नं.१- सुचना प्रवाह तथा सचेतना कार्यक्रम सम्बन्धमा

प्र.नं.२- तथ्याङ्क संकलन गर्ने सम्बन्धमा

प्र.नं.३- वडा स्तरिय कोरोना रोकथाम सुचना केन्द्र स्थापना गर्ने सम्बन्धमा।

प्र.नं.४- खाद्यान्न व्यवस्थापन सम्बन्धमा।

निर्णयहरु :

नि.नं. -१ विश्व व्यापी रुपमा फैलिरहेको र हाल नेपालमा समेत संक्रमण देखा परिसकिएकोले वर्तमान परिप्रेक्ष्यमा चुरे गाउपालिकालाई सम्भावित उच्च जोखिमलाई मध्यनजर राख्दै समुदायमा कोरोना सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्नका लागी मिति २०७६।१२।१५ गते देखि ५ दिन सम्म संचालन गर्नका लागी तपसिल बमोजिम को टीम बनाई अगाडी बढ्ने निर्णय गरियो। साथै नेपाल सरकार द्वारा लागु गरिएको लक डाउनलाई थप कडाईका साथ लागु गर्ने निर्णय गरियो।

तपसिल :

१) १ वटा गाडी ५ दिनको लागी भाडामा लिने निर्णय
२) सशस्त्र प्रहरी बल नेपालको तर्फबाट - ३ जना जनशक्ति
३) नेपाल प्रहरी तर्फबाट - २ जना जनशक्ति
४) गा.पा. स्तर बाट - १ जना स्वास्थ्य कर्मि

नि.नं. २- गाउँपालिका भित्र रहेका विभिन्न वडाहरुमा भारत लगायत तेस्रो मुलुक बाट हाल सालै आएका (१०।१२) दिन पहिले नै आएका नेपाली नागरिकहरुको लगत संकलन गरी गा.पा. मा पठाउन वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय गरियो। साथै अब आउने (भारत। तेस्रो मुलुक) नेपालीलाई समुदाय र परिवार बाट नै क्वारेन्टाइन मा राख्न सम्बन्धित वडा लाई पत्राचार गर्ने निर्णय गरियो।

नि.नं. ३- कोरोना रोकथाम सुचना केन्द्र स्थापना गर्नको गराउनका लागी जिल्ला प्रशासन कार्यालय कैलाली बाट पत्राचार भई आएको हुदा सो का लागी वडा अध्यक्ष ज्यु हरुको अध्यक्षतामा वडास्तरिय कोरोना रोकथाम सुचना केन्द्र स्थापना गर्नका लागी पत्राचार गर्ने निर्णय गरियो।

नि.नं.४- गा.पा. स्तरमा मा भविष्यमा आईपरेको खण्डमा क्वारे
आइसोलेसन तथा क्वारेन्टाइनमा राख्नका लागि
आवश्यक खाद्यान्न व्यवस्थापनको जिम्मा सुरज परियारलाई
जिम्मा दिने निर्णय गरियो ।